आज मिति २०७४।१०।२३ गतेका दिन राप्ती सोनारी गाउपालिकाको बैठक राप्ती सोनारी गाउपालिकाका अध्यक्ष श्री लाहुराम थारुको अध्यक्षतामा निम्न उपस्थितिमा बसी निम्न बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री लाहुराम थारु | अध्यक्ष | |
| श्री धनी कुमारी खत्री | उपाध्यक्ष | |
| श्री चन्द्र बहादुर वली | वडा अध्यक्ष वडा नं. १ | सदस्य |
| श्री मदन कुमार वली | ,, ,, ,, २ | सदस्य |
| श्री गंगाराम थारु | ,, ,, ,, ३ | सदस्य |
| श्री कान्छा थारु | ,, ,, ,, ४ | सदस्य |
| श्री झगरु थारु | ,, ,, ,, ५ | सदस्य |
| श्री जनक बहादुर थारु | ,, ,, ,, ६ | सदस्य |
| श्री रामलखन थारु | ,, ,, ,, ७ | सदस्य |
| श्री खुम बहादुर बस्नेत | ,, ,, ,, ८ | सदस्य |
| श्री महावीर वली | ,, ,, ,, ९ | सदस्य |
| श्री दमकला जैसी | महिला सदस्य | सदस्य |
| श्री नैनी कुमारी खत्री | ,, ,, | सदस्य |
| श्री मीना कुमारी विष्ट | ,, ,, | सदस्य |
| श्री लिला नेपाली | ,, ,, | सदस्य |
| श्री देवराज कुमाल | | सदस्य |
| श्री पतरी दपाई | | सदस्य |
| श्री भरत कुमार मल्ल | प्रमुख प्रशासकीय अधिकृत | सचिव |

निर्णय

नं. १.नेपालगंज उपमहानगरकार्यपालिका उद्योग विकाश शाखाबाट संचालन हुने हाउस वाइरिङ्ग तालिम अगैयामा संचालन गर्ने मिति २०७४।८।२८ मा निर्णय भएकोमा सो को सट्टा वडा नं ६ फत्तेपुरमा संचालन गर्ने निर्णय गरियो

नं. २. सुशासन ऐन बमोजिम सार्वजनिक निकायले आफ्ना काम कार्यबाहीहरु पारदर्शी गराउनको लागी सार्वजनिक सुनुवाई गर्नु पर्ने भएकोले बागेश्वरी असल शासनले पेस गरेको प्रस्तावमा बुदा नं. ५,६,११ मा उल्लेखित रकम सो संस्थालाई सहजिकरणको लागी दिई बाँकीको हकमा गाउपालिका आफैले व्यवस्थापन गरि यथा सक्य चाँडा सार्वजनिक सुनाई गर्ने निर्णय गरियो ।

नं. ३. बालुवा, ढुङ्गा, गिट्टी, मोरङ आदि नदि जन्य पदार्थ निकासिको लगत राख्नको लागी ४ जना कर्मचारी नियूक्ति गरि काम काजमा लगाइएको र सो को अनुगमनको लागी वडा नं. ८ का वडा अध्यक्ष श्री खुम बहादुर वस्नेत को अध्यक्षतामा समिति गठन भएकोले सो कामको हाल सम्मको प्रगति र प्रभावकारिताको सम्वन्धमा समितिले छलफल गरि राय सुझाव गाउपालिकामा पेस गर्ने निर्णय गरियो ।

नं. ४. कार्यक्रम तथा योजनाहरुम अनुगमनको लागी उपाध्यक्षको संयोजकत्वमा अनुगमन समिति गठन भएकोले सो समितिलाई अनुगमन गर्न जाँदा गाडी उपलब्ध गराउने निर्णय गरियो ।

नं. ५. सिचाई कुलो मर्मतको लागी रु. २५०००००। पूजिगत सुधार खर्च सार्वजनिक निर्माण ( गाउपालिका स्तरीय) शिर्षक बाट छुट्याइएकोमा उक्त रकमबाट निम्न सिचाई कुलाको मर्मत को लागी निम्न बमोजिमको रकम बाँड फाँट गर्ने निर्णय गरियो ।

तपसिल

| | |
|---|---|
| क. ठुरे कुलो ( प्रशाखा निर्माण) | ४५००००। |
| ख. फत्येपुर अन्नदाता सिचाई कुलो | ७०००००। |
| ग. बनौरीखोला सिचाई कुलो | ४५००००। |
| घ. ~~बेल्हैया~~खोला सिचाई कुलो | ४०००००। |
| ङ. राजकुलो शाखा वडा नं. ३ | ५०००००। |

नं. ६. यस गाउपालिकाको १,३,४,५,६ र ७ वडाहरुमा विद्युतिकरण नभएको कारणबाट सर्वसाधारणहरु अध्यारोमा बस्न बाध्य भएको, त्यहाँका जनतालाई शौर्य उर्जामा अनुदान दिदाँ सुविधा हुने देखिएको हुँदा ८० वाट क्षमताको शौर्य प्यानल जडान गर्दा उपयूक्त हुने भएको र उक्त प्यानल जडान गर्दा रु. २३०००। खर्च लाग्ने भएकोले बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्रबाट ८०००। गाउपालिकाबाट ८२००। तथा सम्वन्धित परिवारबाट ६८००। लगानी गरी उक्त वडाहरुमा उपभोक्ता समिति मार्फत काम गर्ने, सो कार्यको लागी समपूरक कोष बाट रु. ८२१४३२७। रकम

उपभोक्ता समिति लाई उपलब्ध गराउने र प्रत्येक वडाको लागी छुट्टा छुट्टै उपभोक्ता समिति गठन भई सकेकोले सोही समिति बाट काम गराउने निर्णय गरियो ।

नं. ७. शौर्यउर्जाको लागी रकम लगानी गरी शौर्य उर्जा जडान गर्न इच्छुक वडा नं. १,३,४,५,६ र ७ का सेवा ग्राहीहरुको छनौट उपभोक्ता समितिले गर्ने, उपभोक्ता समितिले नै शौर्य उर्जा जडान गर्नको लागी कम्पनी छनौट गरी गाउपालिकालाई जानकारी गराउने र कम्पनी तथा उपभोक्ता समिति विच भएको सम्झौतामा गाउपालिकाको तर्फबाट प्रमुख प्रशासकिय अधिकृत रोहवरमा वस्ने निर्णय गरियो ।

नं. ८. गाउपालिकाको गाउ पार्श्व चित्र तयार गर्नको लागी रु. ५०००००। र बृत चित्र निर्माण गर्ने कार्यको लागी रु.५०००००। गरि जम्मा १००००००। परामर्श सेवा बाट खर्च गर्ने । उक्त कार्य सूचिकृत संस्थाबाट कोटेशन लिई यथा शक्य चाँडो कार्य संचालन गर्ने निर्णय गरियो ।

नं. ९. नेपाल क्रिकेट बहिरा संघ ले बाँके जिल्लाको कोहलपुरमा राष्ट्रिय स्तरको क्रिकेट खेल संचालन गर्ने भएकोले सो खेलमा आवश्यक पर्ने सामाग्री तथा विविध खर्चको लागी रु.२५०००। गाउपालिका स्तरिय कार्यक्रमहरुको यूवा खेलकुद पूर्वाधार कार्यक्रमबाट दिने निर्णय गरियो ।

नं. १०. गाउपालिका स्तरिय कार्यक्रममा रहेको पूर्ण सरसफाई कार्यक्रमको लागी विनियोजित भएको बजेट रु.७०००००। बाट वडा नं.१ र ५ मा पूर्ण खोप घोषना कार्यक्रमको लागी रु. ५०/५० का दरलदे जम्मा रु. १०००००। खर्च भई सकेको र बाँकी रहेको रु. ६०००००। बाट निम्न बमोजिमका योजनाहरु संचालन गर्ने निर्णय गरियो ।

क. गाउपालिकाको विभिन्न स्थानमा सरसफाई सम्वन्धि होडिङ्ग बोर्ड राख्ने कार्यको लागी रु.१०००००।

ख. खानेपानीको हेण्डपम्फ जडान गर्न नसकी सफा पानी पिउनबाट बञ्चित भएको समुदायमा खाने पानीको हेण्डपम्फ तथा सो को पाइप, जाली खरिद गरि समुदायलाई वितरण गर्ने कार्यको लागी रु. ४३००००।

ग. वडा नं. ६ र ७ को पूर्ण खोप घोषणा कार्यक्रम संचालन गर्ने कार्यको लागी रु. ७००००। दिने